☏ सम्पर्क नं. ०९७५०१०७०,
९७५९५०३५०३, ९७४९६२१३९९

नेपाल सरकार

कृषि विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

**जोन कार्यान्वयन इकाई (जैतुन)**

पिलुचौर, बाजुरा

**प.सं. :** ०७४/०७५

च. नं. :

प्रथम पटक सूचना प्रकाशित मिति : २०७४/०५/१२

**विषय विज्ञ आवश्यकता सम्बन्धी सूचना**

यस कार्यालयको बार्षिक स्विकृत कार्यक्रम (आ.व. २०७४/०७५) अनुसार यस कार्यालयको मातहतमा रही कार्यविधिले तोकिएका बमोजिमका कार्यहरु एवं कार्यक्रमहरु संचालन गर्न, आवश्यक प्राविधिक परामर्श उपलब्ध गराउन एवं अनुसन्धान र प्रविधि प्रसारणमा सहयोग गर्न करार सेवामा १ (एक) जना विषय विषेशज्ञ आवश्यक भएकोले तपशिल बमोजिम योग्यता तथा मापदण्ड पूरा गरेको ईच्छुक नेपाली नागरिकबाट सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र (अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट) यस कार्यालयमा आवश्यक सम्पूर्ण कागजातहरु संलग्न राखी दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । जोन विकास कार्यक्रम संचालन कार्यविधि, २०७३ मा उल्लेख भए अनुसारको मापदण्डको आधारमा प्राप्त दरखास्तहरुको यस इकाईबाट मूल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने तीन (३) जना उम्मेदवारहरुलाई अर्न्तवार्ताका लागि छनौट गरिनेछ । अर्न्तवार्ता हुने मिति, स्थान, समय र अर्न्तवार्तामा छनौट भएका उम्मेदवारहरुको नामावली सम्बन्धी सूचना दरखास्त पेश गर्ने अन्तिम दिनको ३ (तीन) दिन भीत्र यस कार्यालयको सूचना पार्टीमा प्रकाशन गरिनेछ । साथै दरखास्त फारम यस कार्यालयबाट रु ५०० ( पाँच सय मात्र) तिरी वा pmamp.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ र यसरी डाउनलोड गरी प्राप्त गरेको दरखास्तको दरखास्त शुल्क दर्ता गर्दा बुझाउन पर्नेछ ।

**विषय विज्ञको उम्मेदवार हुनका लागि देहाय बमोजिमको मापदण्ड पूरा गरेको हुनु पर्नेछ र दरखास्त साथ संलग्न प्रतिलिपिहरु स्वयंले प्रमाणित गरेको हुनु पर्दछ ।**

१. कृषि विज्ञानमा स्नातक उपाधी हाँसिल गरेको हुनुपर्नेछ ।
२. कृषि प्रसार वा अनुसन्धानको क्षेत्रमा कम्तिमा ५ (पाँच) बर्षको कार्य अनुभव भएको ।
३. सम्बन्धित विषयमा दक्षता हासिल गरेको ।
४. कार्य अनुभवलाई प्रमाणित गर्ने कागजातहरु भएको ।

**विषय विज्ञले पाउने सेवा तथा सुविधाहरु :**

यस आ.व.को बार्षिक स्विकृत बजेट अनुसार मासिक तलब मात्र दिइने र अन्य सुविधिहरु उपलब्ध नगराईने ।

थप जानकारी चाहिएमा,

सम्पर्क कार्यालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
जोन कार्यान्वयन इकाई (जैतुन), पिलुचौर, बाजुरा ।
सम्पर्क नं. ०९७-५०१०७०,९७५९५०३५०३, ९७४९६२१३९९
Email.: zonebajura@gmail.com